**बैठक नं. ३०६(४)०३**

**मिति २०८१।१०।२१**

**निर्णय**

**निर्णय नं. १**

प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा राष्ट्रिय सूचना आयोगको १८ औं स्थापना दिवस २०८२ बैशाख २२ गते भव्य रुपमा मनाउन प्रमुख सूचना आयुक्त डा. सुरेश प्रसाद आचार्यको संयोजकत्वमा मूल समारोह समिति गठन गर्ने । उक्त दिन सूचनाको हकसम्बन्धी विभिन्न कार्यक्रम गरी मनाउन सूचनाको हकको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था, नागरिक समाज, सूचनाको हकका अभियान्ता, सञ्चार संस्थाहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा राष्ट्रिय सूचना आयोगद्वारा हरेक वर्ष प्रदान गरिँदै आएको विनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कार र उत्कृष्ट सूचना अधिकारी पुरस्कारका लागि देहाय बमोजिमको समिति गठन गरी समितिले सिफारिस गरे बमोजिम आयोगबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**विनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कार**

| | |
|---|---|
| आयुक्त, दुर्गा भण्डारी पौडेल | - संयोजक |
| उपसचिव, सुदर्शन ढकाल | - सदस्य |
| शाखा अधिकृत, दिनेश भट्टराई | - सदस्य |
| प्रतिनिधि, नेपाल पत्रकार महासंघ | - सदस्य |

**उत्कृष्ट सूचना अधिकारी पुरस्कार**

| | |
|---|---|
| सचिव, कमल प्रसाद भट्टराई | - संयोजक |
| उपसचिव, सन्तोष दाहाल | - सदस्य |
| शाखा अधिकृत, डिल्लीराम भट्ट | - सदस्य |
| शाखा अधिकृत, दिनेश लुइटेल | - सदस्य |

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा सूचना आयोगको अन्तर्राष्ट्रिय संगठन International conference of Information Commissioners (ICIC) को सदस्यका रुपमा नेपालको प्रतिनिधित्व गर्दै राष्ट्रिय सूचना आयोगले निरन्तर सक्रियतापूर्वक समितिको बैठकमा भाग लिँदै आएको छ। उक्त समितिको सदस्यको हैसियतले नेपाललाई अध्यक्षता र सचिवालय स्थापना गर्ने अवसर हुने भन्ने पत्र (An email: Call for Applications: Chair Secretariate of ICIC, Date 30 Jan 2025) प्राप्त भएको हुँदा ICIC को अध्यक्षता गर्दै सोको सचिवालय राष्ट्रिय सूचना आयोगमा खडा गर्ने सम्बन्धमा स्वीकृतिका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत् नेपाल सरकारसँग अनुरोध गर्ने ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ को सम्बन्धमा छलफल गर्दा आयोगको वार्षिक कार्यक्रम अन्तर्गत आयोगबाट RTI Audit हुँदै आएको छ। यस आर्थिक वर्षमा पनि RTI Audit का लागि बजेट व्यवस्था भएको हुँदा कोशी प्रदेश र कर्णाली प्रदेशमा RTI Audit गर्ने ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ को सम्बन्धमा छलफल गर्दा Asia Foundation ले राष्ट्रिय सूचना आयोगसँगको सहकार्यमा कार्यक्रम हुँदै आएकोमा Asia Foundation CSM कार्यक्रमको तर्फबाट केही समयको लागि कार्यक्रम स्थगन गर्न इमेल प्राप्त भएको हुँदा हाललाई Asia Foundation को सहकार्यमा हुने भनी तय गरिएका कार्यक्रमहरु स्थगित गर्ने ।

**विविध**

(क) नेपालको संविधान, २०७२ को धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि बिषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको हुँदा आफूसँग प्रत्यक्ष सरोकार रहेको विषय बाहेकका सामूहिक र संस्थागत रुपमा आएका पुनरावेदनको दर्ता नगर्ने निर्णय गरियो ।